CIVIC ACTION TEAMS

२२.१०.२०७७

बुलेटिन

६

GOV-HER-NANCE

"Gov-her-nance" महिलाको भुमिका, स्थानीय विकास र खुला सरकार सम्बन्धी विद्यमान समस्याको समाधान गर्ने हेतुले नयाँ आवाजलाई स्थान दिने एक पृथक अवधारणा हो । Gov-her-nance बुलेटिनले नेपाल भरिका विभिन्न समुदायबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । हामी यस बुलेटिनको माध्यमबाट महिला तथा लैंगिक अल्पसंख्यकका मुद्दालाई बाहिर ल्याएर धनगढी उप-महानगरवासी र उप-महानगरपालिका बिचको सूचनाको दुरी कम गरी लैंगिक मैत्री उप-महानगरको अवधारणालाई साकार पार्ने लक्ष राख्दछैं ।

आफैंले सञ्चालन गरेको कुखुरा फार्ममा दाना दिदैं धनगढि उप-महानगरपालिका वडा नं.११ का स्थानीय महिला

तस्वीर : गंगा भण्डारी

कार्यलयमा हुन सक्ने सम्भावित यौनजन्य दुर्व्यवहारहरु

कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार (निवारण) ऐन, २०६१ अनुसार कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा तल उल्लेख गरिएका कार्यहरु गरेमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछ:

१ यौनजन्य आशयले शरिरको कुनै अंगमा छुने वा छुने प्रयास गर्ने,

२ अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रब्य दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामाग्री प्रयोग गर्ने वा प्रदर्शन गर्ने

३ लेखेर, बोलेर वा इशाराले अश्लिल तथा यौनजन्य आशय देखाउने

४ यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने

५ यौनजन्य आशयले जिस्काउने वा हैरानी गर्ने

स्रोत : http://mowcsc.gov.np/uploads/uploads/Hqxlyo8DtBLN74sqmLIylUDpZTOlkbvmOy3H6MC0.pdf

हल्ला र तथ्य

विपन्न तथा जेहेन्दार किशोरीहरुलाई सरकारले प्राविधिक विषयको उच्च शिक्षाका लागि छात्रवृति दिन्छ रे, यसको लागि कस्ता विद्यार्थीले आवेदन दिन पाउने हो ?

छात्रवृतिका लागि योग्य हुन किशोरीले सार्वजनिक विद्यालयबाट १२ कक्षा वा सो सरह उतिर्ण गरेकै हुनुपर्छ । यसलगायत बाबुआमा दुबैको मृत्यु भई अनाथ भएको, बाबुआमा मध्ये कुनै एकको मृत्यु भई आर्थिक जोखिममा रहेको, बाबुआमा दुवै जनाले दोस्रो बिवाह गरी नातेदारसँग आश्रित भएको, मानव बेचबिखनको जोखिममा रहेको, बाबुआमा दुवै अपांगता भएको बालिकाहरुले छात्रवृत्तीका लागि आवेदन दिन सक्दछन् ।

श्रोत : http://mowcsc.gov.np/uploads/uploads/

नेपालको कानून अनुसार उमेर नपुगी बिवाह गरे वा गराएमा सजायको व्यवस्था छ । १० वर्ष नपुगेकी बालिकाको विवाह गरे वा गराएको रहेछ भने ६ महिना देखि ३ वर्षसम्म कैद र एक हजार रुपैया देखि दश हजार रुपैयासम्म जरिवाना हुन्छ । त्यसैगरी, १० देखी १४ वर्ष नपुगेकी बालिकाको बिवाह गराएमा ३ महिना देखी १ वर्षसम्म कैद र पाँच हजार रुपैयासम्म जरिवाना, १४ देखी १८ वर्ष नपुगेकी महिलाको बिवाह गरे वा गराएमा ६ महिनासम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै र २० वर्ष उमेर नपुगेकी महिला वा पुरुषको विवाह गरे वा गराएमा भने ६ महिनासम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

श्रोत: http://mowcsc.gov.np/uploads/uploads/

उमेर नपुगेका बालबालिकाको बिवाह गर्नु कानून विपरित हो भन्ने थाहा हुँदाहुँदै पनि बालबिवाह रोकिएको छैन । यसो गरे बापतको सजाय चाहीँ के हुन्छ ?



मेरो श्रीमान भारतिय हुनुहुन्छ (म नेपाली नागरिक), तर हामी भने नेपालमै राम्रोसँग व्यपार गरेर बसेकाछौं । अब हाम्रो भारत जाने कुनै मनसाय छैन ? के मेरा छोराछोरीले यहाँको नागरिकता पाउँछन् त ?

विदेशी नागरिकसँग बिवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरी नेपालमा जन्मेर नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा बुबाको मुलुकको नागरिकता नलिएमा अंगिकृत नागरिकता दिइन्छ । सो नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित पालिकाको सिफारिस, बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको खुलाई निवेदन दिनु पर्छ ।

श्रोत : http://www.lawcommission.gov.np/en/wp-content/uploads/2021/01/Nepal-Citizenship-Act-2063-2006.pdf

कथा

पहिचानसँग सम्झौता गर्नु नपरेपछि मात्र अन्य सरोकारका विषयमा ध्यान दिन सकिन्छ

सिम्रन सेरचन तेस्रो लिंगी महिला हुन् । अर्थात, जन्मिदा छोरा थिइन । जन्मिदा पुरुष भए पनि उनलाई (१३/१४ वर्षको उमेरमा) आफु महिला जस्तो भएको अनुभूति हुन्थ्यो । उनी पुरुष भएर जनमिए पनि, उनलाई आफु महिला नै हुँ भन्ने लाग्न थाल्यो । तर, उनले आफूलाई महसुस भएको कुरा कसैलाई भन्न सकिनन् । आफुलाई फरक महशुस भएको कुरा कसलाई र कसरी भन्ने भनेर चिन्ता लाग्न थाल्यो । उनले जसोतसो कक्षा १२ सम्म पढाइ सकिन् । त्यसपछि आफुमा भइरहेको परिवर्तनको बारेमा आफ्नो मिल्ने साथीलाई सुनाएर विदेश गइन् । विदेशमा बस्दा पनि उनले थुप्रै समस्या झेलिन् । विदेश बस्दा घर परिवारले छोराको बिहे गरिदिनुपर्‍यो भनेर घर बोलाउन थाले । घर परिवारलाई आफ्नो कुरा कसरी भन्ने भनेर फेरी चिन्ता लाग्न थाल्यो । बाबु आमाले कर गरेर बोलाएपछि उनी नेपाल फर्किइन् । तर, घर जान सकिनन् । घरमा बिवाहका लागि केटी हेरिसकेका रहेछन् । त्यो थाहा पाएपछि झनै घरजाने हिम्मत गर्न सकिनन् । घर जाने भनेर आएको उनको कदम काठमाण्डौमै रोकियो । "आफू महिला भएर कसरी अर्को महिलासँग बिवाह गर्ने ?" सोचेर केही समय काठमाण्डौमै बसिन् । जसोतसो ६/७ महिना काठमाण्डौमा काटेपछि भने दैनिकी चलाउन होटेलमा काम गर्न थालिन् ।

यसरी नै समय बित्दै जाँदा उनी ब्लु डाइमण्ड सोसाइटीसँग आबद्ध भइन् । त्यहाँ उनले आफु जस्तै अरु व्यक्ति पनि भेटिन् । यसले उनलाई केही सहज बनायो । त्यहाँ काम गर्दैगर्दा एउटा टेलीभिजनमा अन्तरवार्ता दिईन् । त्यो अर्न्तवार्ता हेरेर नै घर परिवारले उनको बारेमा थाहा पाए । त्यतीबेला परिवारका सदस्य उनलाई लिन पनि आए, तर परिवारले उनी तेस्रोलिंगी महिला भएको स्विकारेको भने थिएन । आफू छोरा होइन्, छोरी हुँ भने पछि परिवारले पनि साथ छोड्यो ।

लैंगिक अल्पसंख्यक समुदायका मानिसले समाजमाबाट मात्रै होइन घरबाट नै हेपिनु परेको अवस्था छ । अहिले उनको परिवारले केही हदसम्म उनलाई बुझ्ने गरेको भएपनि, उनी जस्ता धेरैलाई अझै समस्या छ । उनी भन्छिन्, "हामीलाई पनि बिवाह गरेर घरजम गर्ने रहर हुन्छ, तर कसले बिवाह गर्ने ?, हामीलाई केही पुरुषहरुले माया प्रेम गरेको जस्तो गरे पनि त्यो सम्बन्ध लामो समयसम्म चल्दैन । उनिहरु बिवाह गर्न मान्नदैनन् । समाजबाट डराइरहेका हुन्छन् ।"

कानुनमा लैंगिक तथा यौनिक अल्पसंख्यकको अधिकारको बारेमा लेखिएको भएपनि राम्रोसँग कार्यान्वयन भएको छैन । लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार सुनिश्चित गर्न सरकारको तर्फबाट थप पहल हुन जरुरी छ । त्यसै गरेर घरपरिवारले पनि सहज वातावरण बनाउन जरुरी छ । समाज तथा परिवारमा आफ्ना पहिचानसँग सम्झौता गर्नु नपरेको अवस्थामा मात्र उनिहरुले अन्य अर्थ, राजनीतिक, सामाजिक र व्यक्तिगत सरोकारका विषयमा ध्यान दिन सक्नेछन् ।



समुदायको प्रतिनिधी आवाज

दिव्यश्वरी शाह

सुदूरपश्चिम प्रदेश सभा सदस्य

मैले आफ्नो राजनीतिक जिवनमा धेरै सघंर्ष गरेकी छुँ । पञ्चायतकाल देखी प्रजान्तत्र सम्ममा कुनै महिला राजनीतिमा आउने वातावरण थिएन । सबै ठाउँमा हिडेरै जानुपर्ने बाध्यता थियो । समाज घरपरिवारबाट पनि सहयोग मिल्दैनथ्यो । राजनीतिमा हिड्ने महिलाप्रतिको दृष्टिकोण नै फरक थियो । त्यस्तो परिस्थितीका बावजुत पनि म सक्रिय रुपमा राजनीतिमा लागेँ । अहिले महिलाहरुलाई पहिलेको तुलनामा धेरै सहज भएको छ । यति भन्दैगर्दा, सबै महिलाहरुलाई सहज छ भन्ने पनि होइन । विशेषत: पछाडी पारिएका बर्गका महिलाहरुको अवस्था दयनिय छ । महिलाले सकेसम्म अग्रपंक्तिमै रहेर नेतृत्व गर्नुपर्दछ । प्रायजसो राजनीतिक दलले स्थानीय तहमा महिलालाई सदस्य बाहेक अन्य पद वा ओहोदा दिएकाछैनन् । यसको अर्थ यो होईन कि, महिलाले नेतृत्व गर्न सक्दैनन् । यदि अवसर पाए भने महिलाले जस्तोसुकै परिस्थितिलाई पनि समना गर्न सक्दछन् । तसर्थ, महिलाले अबको दिनमा अध्यक्ष, मेयर, वडा अध्यक्ष जस्तो पदमा पनि आउनु पर्छ ।

रामममती राना

स्थानीय महिला,

धनगढी उप-महानगरपालिका, वडा नं. ११

हाम्रो समाजमा भलमन्सा चलन कायम नै छ । मलाई पनि भलमन्सा बन्न मन छ । गाउँमा कसैलाई गाह्रो पर्दा हामीले पनि त हेर्ने गरेका छौं । म भलमन्सा बन्छु, भनेर गयो भने श्रीमानले त साथ दिन्छन्, तर समाजले अब आइमाई पनि भलमन्सा बन्ने भई, फैसला गर्ने भई भनेर नानाथरी टिप्पणी गर्छ । भलमन्सा बनाउने बेला समेत महिलाको उपस्थिती हुँदैन । वास्तवमा हाम्रो समाजले अझै पनि महिलालाई राम्रो दर्जा दिएको छैन । समाजमा अझै पनि बोक्सीको नाममा महिलाहरुलाई यातना दिएको सुन्निछ । पुरुषलाई भने अहिलेसम्म त्यस्तो गरेको सुनेकी छैन । महिला(लाई हेप्न सजिलो भएकोले यस्तो गरिएको हो त ? त्यसमाथी, हामी महिलाको कुरा सुनिदैन, कतै सुनुवाई नहुँदा हामी कतै जान पनि छोडिसकेका छौं । आफ्नै घर धन्दा गर्न ठिक्क हुन्छ ।

accountabilitylab NEPAL

CIVIC ACTION TEAMS

DISCLAIMER

यो अंकमा समेटिएका जानकारीहरु समुदायमा काम गरिरहेका स्वम्सेवक, अनलाईन माध्यममा उपलब्ध आधिकारिक स्रोत, सरकारी कार्यालय र अकाउन्टविलिटी ल्याब नेपालको फेलोसिप अन्तरगत काम गरिरहेको महिलाको समुहले विभिन्न व्यक्तिह(रुसँग विगत एक हप्तामा प्रत्यक्ष तथा अप्रत्यक्ष गरेको कुराकानीका् आधारमा संकलन गरिएकाहुन् । विषयको महत्व, सान्दर्भिकता र यसले धनगढी उप-महानगरपालिकामा पार्न सक्ने सकारात्मक प्रभावलाई ध्यान दिएर प्रस्तुत विषयवस्तु छनोट गरिएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

“Gov-her-nance” अकाउन्टविलिटी ल्याब नेपालले धनगढी उपमहानगरपालिकासँगको सहकार्य र CFLI को सहयोगमा तयार गरिएको हो ।

accountabilitylab NEPAL

DHANGADHI SUB-METROPOLITAN CITY

Activity supported by the Canada Fund for Local Initiatives
Activité réalisée avec l'appui du Fonds canadien d'initiatives locales
Canada

@CivicActionTeams @CivActs @civacts

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219